आज मिति २०८२ साल पुष **१८** गते बिहिवारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को १३ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थितिः

श्री बेचन प्रसाद मेहता -अध्यक्ष

श्री कुमारी विभा यादव -उपाध्यक्ष

श्री सुर्य नारायण पाल -वडा अध्यक्ष, वडा नं.१

श्री जग नारायण मेहता -वडा अध्यक्ष, वडा नं.२

श्री अनिल कुमार भगत -वडा अध्यक्ष, वडा नं.३

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७

श्री रुणा देवी दास - कार्यपालिका सदस्य

श्री उषा देवी यादव - कार्यपालिका सदस्य

श्री सुनिता देवी यादव -कार्यपालिका सदस्य

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य

श्री मनोज कुमार भगत -कार्यपालिका सदस्य

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य

श्री महेश कुमार ठाकुर -सदस्य सचिव

आमन्त्रितः

श्री डिल्ली प्रसाद पोखेल - प्रशासन शाखा प्रमुख

श्री जनार्दन प्रसाद मेहता -सूचना प्रविधि अधिकृत

श्री बिन्देवर यादव- लेखा अधिकृत

प्रस्तावहरुः

१. समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८३/०८४ को बजेट माग सम्बन्धमा ।

३. समपूरक र विशेष अनुदानको आयोजनाहरु माग सम्बन्धमा ।

४. निर्माण गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान सम्बन्धमा ।

५. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

६. स्वास्थ्य सम्बन्धि कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

७. ठेक्का म्याद थप सम्बन्धमा।

८. फर्मको नामसारी सम्बन्धमा ।

९. “घ” वर्गको इजाजतपत्र दिने सम्बन्धमा ।

१०. बाटो स्तरोन्नती सम्बन्धमा ।

११. E-Bidding सम्बन्धमा ।

१२. फिल्ड यातायात खर्च सम्बन्धमा ।

१३. सुधारिएको चुलो वितरण सम्बन्धमा ।

१४. राजश्व सम्बन्धमा ।

१५. तरकारी बालिको नयाँ पकेट विकास कार्यक्रम संचालन सम्बन्धमा ।

निर्णयहरुः

**प्रस्ताव नं. १** माथि छलफल गर्दा मिति २०८२/०८/२५ गते बसेको आ.व. २०८२/०८३ को १२ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २** माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को प्रस्तावित आय तथा व्यय सहितको आगामी तिन वर्षको बजेट प्रक्षेपण सहितको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा तपसिल अनुसारको बजेट माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

देवानगञ्ज गाउँपालिका कार्यालय, देवानगञ्ज, सुनसरीको आ.व. २०८२/०८४ को बिनियोजित आय तथा अगामी तीन बर्षको बजेट प्रक्षेपण

| क्र.सं. | प्राप्तको स्रोत | अनुदानको प्रकार | बजेट | | | आगामी तीन बर्षको बजेट प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आ व ०८०।८१ को यथार्थ | आ व ०८१।८२ को संशोधित अनुमान | आ व ०८२।८३ को बिनियोजित | आ व २०८३।८४ | आ व २०८४।८५ | आ व २०८५।८६ |
| १ | संघीय सरकार | समानिकरण | ११६,१००,००० | ११६,४००,००० | १११,२००,०००.०० | १२७,८८०,००० | १४७,०६२,००० | १६१,७६८,२०० |
| ३ | संघीय सरकार | शशर्त अनुदान चालु | १९७,०२८,००० | १९७,६४१,००० | २०२,७००,०००.०० | २२२,९७०,००० | २३३,१०५,००० | २३१,०७८,००० |
| ४ | संघीय सरकार | शशर्त अनुदान पुँजिगत | ५,२००,००० | १८,६००,००० | ५०,१००,०००.०० | ५५,११०,००० | ५७,६१५,००० | ५७,११४,००० |
| ५ | संघीय सरकार | समपुरक अनुदान | २०,०००,००० | ७,५००,००० | १२,०००,०००.०० | १५,०००,००० | १६,०००,००० | २०,०००,००० |
| ६ | संघीय सरकार | विशेष अनुदान चालु | ६,०००,००० | ०००,००० | ६,९००,०००.०० | ११,०००,००० | १४,०००,००० | १७,०००,००० |
| ७ | प्रदेश सरकार | समानिकरण अनुदान | ७,२८४,००० | ७,२६३,००० | १०,५२८,०००.०० | ११,५८०,८०० | १२,१०७,२०० | १२,००१,९२० |
| १० | प्रदेश सरकार | शशर्त अनुदान पुँजिगत | २,२००,००० | १०,०००,००० | ११,०५०,०००.०० | १२,१५५,००० | १२,७०७,५०० | १२,५९७,००० |
| ११ | प्रदेश सरकार | शशर्त अनुदान चालु | २,०२५,००० | २,१९०,००० | १,९६५,०००.०० | २,१६१,५०० | २,२५९,७५० | २,२४०,१०० |
| | प्रदेश सरकार | समपुरक अनुदान | १०,०००,००० | ९,५००,००० | १२,०००,०००.०० | १३,२००,००० | १४,५२०,००० | १५,९७२,००० |
| २ | संघीय सरकार | राजश्व बाँडफाँड | ९१,७४४,००० | ९७,१००,००० | ९६,२००,७२०.०० | १०५,८२०,७९२ | ११०,६३०,८२८ | १०९,६६८,८२१ |
| ८ | प्रदेश सरकार | राजश्व बाँडफाँड | ४,०१०,००० | ४,२२१,६९० | ४,२२१,६९०.०० | ४,६४३,८५९ | ४,८५४,९४४ | ४,८१२,७२७ |
| १२ | करुणा फाउण्डेशन नेपाल | आन्तरिक श्रोत | ०००,००० | ०००,००० | ५००,०००.०० | ५५०,००० | ५७५,००० | ५७०,००० |
| १३ | बैंक मौज्दात | आन्तरिक श्रोत | ५३,१००,००० | ५,५८४,००० | १५,०१६,१२२.१२ | १६,५१७,७४५ | १७,२६८,५५२ | १७,११८,३११ |
| १४ | आन्तरिक आय | नियमित | १७३,०५८,१७२ | ७१,००७,५२०.२१ | ३९,३७५,४३७.८८ | १७,०००,००० | १८,०००,००० | १९,६००,००० |
| | | जम्मा | ५७१,६४९,१७१.८१ | ५४७,००७,२१०.२१ | ५७३,७५६,९८०.०० | ६१५,५८९,६९६.३३ | ६६०,७०५,७७२.४४ | ६८१,५४१,१५८.०२ |

देवानगञ्ज गाउँपालिका कार्यालय, देवानगञ्ज, सुनसरीको आ.ब. २०८३/०८४ को व्यय विवरण तथा आगामी तीन बर्षको बजेट प्रक्षेपण

| क्र.सं. | प्राप्तको स्रोत | अनुदानको प्रकार | आ व ०८२।८३ को विनियोजित | | आगामी तीन बर्षको खर्च अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च रकम रु | पुँजिगत खर्च रकम रु | आ व २०८३।८४ | आ व २०८४।८५ | आ व २०८५।८६ |
| १ | संघीय सरकार | शशर्त अनुदान चालु | २०२,७००,०००.०० | - | २२२,९७०,०००.०० | २३३,१०५,०००.०० | २३१,०७८,०००.०० |
| २ | संघीय सरकार | शशर्त अनुदान पुँजिगत | - | ५०,१००,०००.०० | ५५,११०,०००.०० | ५७,६१५,०००.०० | ५७,११४,०००.०० |
| ३ | संघीय सरकार | समपुरक अनुदान | - | १२,०००,०००.०० | १५,०००,०००.०० | १६,०००,०००.०० | २०,०००,०००.०० |
| ४ | संघीय सरकार | विशेष अनुदान | - | ६,९००,०००.०० | ११,०००,०००.०० | १४,०००,०००.०० | १७,०००,०००.०० |
| ५ | प्रदेश सरकार | समपुरक अनुदान | - | १२,०००,०००.०० | ११,०००,०००.०० | १४,०००,०००.०० | १७,०००,०००.०० |
| ६ | प्रदेश सरकार | शशर्त अनुदान पुँजिगत | - | ११,०५०,०००.०० | १२,१५५,०००.०० | १२,७०७,५००.०० | १२,५१७,०००.०० |
| ७ | प्रदेश सरकार | शशर्त अनुदान चालु | १,९६५,०००.०० | - | २,१६१,५००.०० | २,२५९,७५०.०० | २,२४०,१००.०० |
| ८ | देवानगञ्ज गा.पा. चालु | | ८६,४३३,९८०.०० | १०९,६११,०००.०० | ११५,६४९,७०८.०० | १२०,९१६,४२५.८० | ११९,९२८,७१४.२४ |
| | मातृ बडाको चालु | | ८,४००,०००.०० | २८,०००,०००.०० | ६०,०६०,०००.०० | ६६,०६६,०००.०० | ६६,६६६,८८०.०० |
| | देवानगञ्ज गा पा को अस्पताल | | ९,०००,०००.०० | ६,०००,०००.०० | १६,५००,०००.०० | १८,११०,०००.०० | १८,५१३,०००.०० |
| | शिक्षा युवा तथा खेलकुद शाखा | | १८,९००,०००.०० | - | २०,७९०,०००.०० | २२,८६९,०००.०० | २३,३६६,३८०.०० |
| ९ | स्वास्थ्य शाखा | | ३,३००,०००.०० | - | ३,६३०,०००.०० | ३,९९३,०००.०० | ४,०७५,८६०.०० |
| | सहकारी शाखा | | ३६४,०००.०० | - | ३७८,४००.०० | ४११,२४०.०० | ४२४,५१६.८० |
| | न्यायीक शाखा | | १,३९०,०००.०० | - | १,५२९,०००.०० | १,६८१,९००.०० | १,७१५,४३८.०० |
| | आयुर्वेद शाखा | | ८००,०००.०० | - | ८८०,०००.०० | ९६८,०००.०० | ९८७,३६०.०० |
| | कृषि शाखा | | ८६३,०००.०० | - | ९४९,३००.०० | १,०४४,२३०.०० | १,०६५,११४.६० |
| | पशु शाखा | | १,२००,०००.०० | - | १,३२०,०००.०० | १,४५२,०००.०० | १,४८१,०४०.०० |
| | महिला बालबालिका | | ७००,०००.०० | - | ७७०,०००.०० | ८४७,०००.०० | ८६३,९४०.०० |
| | वातावरण शाखा | | ३००,०००.०० | - | ३३०,०००.०० | ३६३,०००.०० | ३७०,२६०.०० |
| | रोजगार सेवा शाखा | | - | - | - | - | - |
| | पूर्वाधार विकास शाखा | | - | - | - | - | - |
| | सुचना प्रविधि शाखा | | १,८००,०००.०० | - | १,९८०,०००.०० | २,१७८,०००.०० | २,२२१,५६०.०० |
| | भूमि शाखा | | - | - | - | - | - |
| | लघु उद्यम विकास | | - | - | - | - | - |
| | | जम्मा बजेट | ३३८,०५१,९८०.०० | २३१,६६१,०००.०० | ५२६,००५,२०८.०० | ६०५,२२७,६०५.८० | ६२८,८२४,९३४.२४ |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा योजनाहरु आवश्यक देखिएको हुँदा आ.व.२०८३।०८४ को लागि समपुरक र विशेष अनुदान अन्तर्गत तपसिलका आयोजनाहरु केन्द्र सरकारको सम्बन्धित मन्त्रालयमा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम | माग रकम रु. | कै. |
|---|---|---|---|
| समपुरक अनुदान तर्फको आयोजनाहरुः | | | |
| १. | शारदा आधारभुत विद्यालय देवानगञ्ज-०१ मा ८ कोठे भवन र बाउन्ड्रीवाल निर्माण कार्य । | ३.५ करोड | |
| २. | कृषि बजार निर्माण कार्य । | २.५ करोड | |
| ३ | गणेश प्रा.वि. देखि उत्तर ऐयुव घर हुँदै चौधरी टोल मनोज कामत हकपारा कृष्णि आधारभुत विद्यालय कजरा हुँदै हाइवेय जोडने बाटोमा कालोपत्रे कार्य । | ७ करोड | |
| विषेश अनुदान तर्फको आयोजनाहरुः | | | |
| १ | विपन्न तथा सीमान्तर्कत समुदायको लागि नमुना अवास निर्माण कार्य । | ३ करोड | |
| २ | देवानगञ्ज गा.पा. भित्रका समुदायिक विद्यालयमा फर्निचर, डिजिटल बोर्ड र कम्प्युटर तथा प्रिन्टर खरिद कार्य । | ३ करोड | |
| ३ | देवानगञ्ज गा.पा. ०२ को १० शैया प्राथमिक अस्पतालमा ल्याबरेटोरी उपकरण जडान कार्य । | ३ करोड | |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको लागि आर्थिक वर्ष २०८२।८३ मा सम्पन्न गर्ने गरी प्राप्त ४ कोठे विद्यालय भवन निर्माण योजनाबाट निर्माण गरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट आर्थिक वर्ष २०८२।८३ को कार्यक्रम कार्यान्वयन कार्यविधिले तोकेको मापदण्ड बमोजिम कार्यान्वयन गर्ने गरी विद्यालयको माग (विद्यालयको चलानी नम्बर १९ मिति २०८२।०९।१७ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकको प्रतिलिपी सहितको माग निवेदन) र आवश्यकता (विद्यालयमा भएको भवन पूर्ण रुपमा जिर्ण भई विद्यार्थी बसेर पठन पाठन गर्न समेत जोखिम पूर्ण रहेको साथै उक्त भूगोलको निर्वाचनको मतदान केन्द्र समेत भएकोले) समेतका आधारमा यस देवानगञ्ज गाउँपालिकाको वडा नम्बर ४ मा सञ्चालनमा रहेको साथै विद्यालयको भौतिक पूर्वाधार निर्माण गुरुयोजना भित्र रहेको श्री सरस्वती आधारभूत

विद्यालयमा उक्त भवन निर्माण गर्ने सर्वसहमतिले निर्णय गरीयो । उक्त भवन निर्माण गर्दा पालिकाले कम्तिमा १० प्रतिशत अर्थात ५ लाख ५० हजार रकम लागत साझेदारी सुनिश्चितता गर्नु पर्ने भएको हुदाँ उक्त रकम पालिकाको आन्तरिक श्रोतबाट सुनिश्चितता गर्ने निर्णय गरीयो ।

**प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका अधिकांश विद्यालयहरुमा लामो समय देखि विद्यालय व्यवस्थापन समिति गठन नहुदा विद्यालयको शैक्षिक एवम् अन्य व्यवस्थापनमा समस्या आएको विषयलाई मध्यनजर गरी २०८२ साल माघ मसान्त भित्र सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गर्न सम्बन्धित वडाको वडा अध्यक्ष ज्यूहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरीयो । विद्यालयमा अध्यनरत विद्यार्थीका अभिभावकाको नामावली प्रकाशन गर्ने सम्बन्धमा कठिनाई भएको भनि विद्यालयहरुबाट गुनासो आएको हुदाँ उक्त विद्यालयमा शैक्षिक सत्र २०८२ मा विद्यालय सञ्चालन भएको दिनको ७५ प्रतिशत हाजिर भएका विद्यार्थीहरुका अभिभावकहरुलाई मात्र विद्यालय व्यवस्थापन समितिको गठन प्रकृयामा अभिभावकको रुपमा सहभागी हुने गरी नामावली प्रकाशन गर्न विद्यालयहरुलाई जानकारी गराउने निर्णय गरीयो ।

**प्रस्ताव नं. ६** माथि छलफल गर्दा खोप क्लिनिक तथा गाउँ घर क्लिनिक संचालन गरे वापत यातायात खर्च प्राप्त गर्ने सम्बन्धि कार्यविधि २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७** माथि छलफल गर्दा सार्वजनिक नियमावली २०६४ को नियम १२० को उप नियम १ बमोजिम ठेक्का म्याद थप गर्न आएको निवेदन अनुसार तपशिल बमोजिमको ठेक्काहरुको म्याद २०८३ असार मसान्त सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| **क्र.स.** | **ठेक्का नाम** | **नम्बर** | **कैफियत** |
|---|---|---|---|
| १ | School Building Construction Works Shree Amarsingh Ma.Vi. Dewangunj -5 ,Sunasari | **DRM/BUILDINGS/C/NCB/05/079/080** | |
| २ | School Building Construction Works Shree Janta Ma.Vi. Dewangunj -1 ,Sunasari | **DRM/BUILDINGS/C/NCB/08/079/080** | |
| ३ | 4 ( Four ) Class Room Buliding Construction WorksShree Nabdurga Aa.Bi. Dewangunj -7 (Rashi) ,Sunasari | **DRM/BUILDINGS/C/NCB/03/079/080** | |

| | | | |
|---|---|---|---|
| ४ | Health Care Center First floor Building construction works Dewangung-6 , Rashi ,Sunasari | **DRM/BUILDINGS/C/NCB/06/079-080** | |
| ५ | 10 Bed Primary Hospital,Dewangung, Sunsari | **DRM BUILDING/NCB/C/07/077/078** | |
| ६ | Upgraing Road with Black Top(Asphalt works) Dewwanganj-5 Dewangunj-5 Ganesh PS North Ayub house Dewangunj-6- Bir na. chy Dewangunj-7 way Roads. | **DRM/ROADS/C/NCB/08/079/080** | |
| ७ | Upgraing Road with Earth & Gravel , Dewwanganj-7 Dewangunj-7 Sharkari Pokhari -west Main Road Way | **DRM/ROADS/C/NCB/09/079/080** | |
| ८ | Upgraing Road with Black Top(Asphalt works) Dewwanganj-7,Ward Office - East -Hapara Dewangunj-7 way Road | **DRM/ROADS/C/NCB/04/079/080** | |
| ९ | Upgraing Road with Black Top(Asphalt works) Dewwanganj-3,Umesh Bhagat House-PachauShimar school way Roads | **DRM/ROADS/C/NCB/03/079/080** | |
| १० | Chandeshawer mehta house South - Yadav tole -Mahanad House East- Paltole -North Hulaki Way Road | **DRM/ROADS/C/NCB/06/078/079** | |
| ११ | Dewangunj -6 Janta school East -North- South dewangunj 7 -Rekha Sadar tole - Hakpara Chaudhary tole way Road dewangunj-6 | **DRM/ROADS/C/NCB/07/078/079** | |
| १२ | Motitappu kishun House towards border Way road Dewangung- 3 ( Kaptangunj ) | **DRM/ROAD/C/NCB/02/2081-082** | |

प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.७ ठेगाना, श्री चन्देश्वरी यादव प्रोपाइटर भएको चन्द्र तारा निर्माण सेवा ("घ वर्गको निर्माण व्यवसायी") लाई बर्जु गाउँपालिका वडा नं. ३ निवासी श्री पंकज कुमार चौधरीको नाममा नामसारीका लागि अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कोशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" वर्गको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा न.२ को ईलाका प्रहरी कार्यालय पश्चिम घुस्की जाने बाटोमा मेन बाटो देखि दक्षिण पप्पु भगतको जग्गा सम्म माटो पुरी ग्राभेल कार्य गर्ने र प्रविधिक मुल्याङ्कणको अधारमा मर्मत सम्भार कोष बाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा तपशिल बमोजिमका योजनाहरु E-Bidding मार्फत योजना संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम | कैफियत |
| --- | --- | --- |
| १. | निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण | |
| २. | मोटर बोरिङ सिचाइ र सिचाइको लागि कृषि मोटर कार्यक्रम | |
| ३ | शारदा आधारभुत विद्यालय देवानगञ्ज १ मा ८ कोठे भवन र बाउण्ड्री वाल निर्माण | |
| ४ | देवानगञ्ज गाउपालिका -२ इलाका प्रहरी कार्यलय देवानगञ्ज देखि पश्चिम मरिया खोलाको छेउमा रहेको आर्यघाट निर्माण कार्य | |
| ५ | सत्संग भवन, देवानगञ्ज-४ | |

प्रस्ताव नं. १२ माथि छलफल गर्दा खोप क्लिनिक, गाउँ घर क्लिनिक र ग्रामिण अल्ट्रासाउण्ड सेवा वापत यातायात खर्च रकम रु ५००/०० प्रतिदिन प्रति व्यक्तिका दरले स्वास्थ्य कर्मीलाई भुक्तानीको लागि सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा गा. पा. ले हरित जलवायू कोष र वैकल्पिक उर्जा प्रवर्धन केन्द्रको सहकार्यमा स्वच्छ चुलो कार्यक्रम यस पालिकामा खरिद गरि सकिएको र गा.पा. को २०८२/०५/२३ गतेको निर्णय र २०८२/०३/१५ गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार उपभोक्ताबाट साझेदारी गर्नुपर्ने रकम जुटाउन प्राविधिक समस्या भएकोले सो रकम देवानगंज गा.पा.ले व्यहोर्ने निर्णय भए अनुसार खरिद भएको सिधरिएको चुल्हा, तह + विधुतीय चुलो र घरायसी वायो ग्यास सहित यस गा.पा. को वडा नं. ४, ५ ६, र ७ मा वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४** माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तरगतको फिल्ड बुक सिफारिस दस्तुर १ कित्ता वापत रु २००/०० (दुई सय ) तथा प्रति थप कित्ता वापत रु५० (पचास) को दरले राजश्व तोक्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १५** माथि छलफल गर्दा आ. व. २०८२/०८३ मा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम **शसर्त अनुदान चालु** तर्फको उपशिर्षिक प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना **"तरकारी बालिको नयाँ पकेट विकास कार्यक्रम"** वडा नं. ४, ५, ६ र ७ मा संचालन गर्ने सर्वसम्मत निर्णय गरियो ।